# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

# प्रेस-विज्ञप्ति

**चैत्र २३, २०७६**

## सबैको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ बाट उत्पन्न वर्तमान परिस्थितिमा व्यक्तिहरुको स्वास्थ्योपचारको उपलब्धताका सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ । मिर्गौला, क्यान्सर, क्षयरोग, एड्स, मधुमेह, उच्चरक्तचाप, मानसिक रोग जस्ता रोगहरुबाट पीडितहरुको उपचार तथा औषधीको अपर्याप्तताको कारण बिरामीहरुमा समस्या उत्पन्न हुन थालेको आयोगमा प्राप्त उजुरी तथा अनुगमनबाट पाइएको छ ।

बिराटनगरस्थित न्यूरो अस्पताल, विराट नर्सिङ होम, नोवेल अस्पतालमा समयमै उपचार हुन नसकी एक महिलाको मृत्यु हुन गएको, काठमाडौं उपत्यकास्थित समिट, सिभिल, नर्भिकलगायतका अस्पतालहरुले बहिरङ्ग सेवा (OPD) बन्द गरी बिरामीलाई फर्काएको, बिरामीहरुले एम्बुलेन्स सेवा प्राप्त गर्न नसकेको तथा कतिपय घरधनीले स्वास्थ्यकर्मीहरुलाई घरमा बस्न नदिएको जस्ता समाचारहरुप्रति पनि आयोगको ध्यान आकृष्ट भएको छ ।

सबै स्वास्थ्यकर्मीहरुको स्वास्थ्य सुरक्षाको सुनिश्चितता, एम्बुलेन्स चालकहरु लगायत सुरक्षाकर्मीहरुलाई आवश्यकता अनुरुप व्यक्ति सुरक्षा कवच (PPE) को उपलब्धता र उनीहरुबाट हुने नियमित सेवा प्रवाहमा आयोग विश्वस्त हुन चाहन्छ । साथै नेपालको संविधानको धारा ३५ र जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २ (१), ३ (१) र ४ का साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५ तथा नेपाल पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि १९६६ को धारा १२ ले प्रत्याभूत गरेबमोजिम हरेक व्यक्तिको आकस्मिकलगायत सबै प्रकारका स्वास्थ्य सेवा लिन पाउने अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, यस कार्यमा सबैपक्षबाट सहयोग पुग्नेछ भन्ने आयोग अपेक्षा गर्दछ ।

अतः यस जटिल परिस्थितिमा कोभिड-१९ लगायतका सबै गम्भीर प्रकृतिका बिरामीहरुको समेत स्वास्थ्य उपचारको व्यवस्था मिलाई हरेक व्यक्तिको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्न आयोग नेपाल सरकार, सम्पूर्ण स्वास्थ्यकर्मीहरु तथा स्वास्थ्य संस्थाहरुलाई विशेष आग्रह गर्दछ ।

..........................

वेद भट्टराई

सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org